"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"

# हल्दीबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
१ नं. प्रदेश, नेपाल

प.सः ०७९।०८०,प्रशासन
च.नं. १२२६

मिति–२०७९।०९।०७

**विषय– सूचना पठाइएको सम्बन्धमा**

श्री वडा कार्यालयहरु, (१–५) सबै
हल्दीवारी गाउँपालिका

प्रस्तुत विषयमा भूमिधार तथा मालपोत कार्यालय, भद्रपुर झापाको को च. नं. ५३२६, मिति २०७९।०८।०२३ गतेको **सूचना पठाइएको सम्बन्धमा** विषयक पत्र (थान २) यसैसाथ संलग्न गरी पठाइएको छ ,अत थप व्यहोरा संलग्न पत्रबाट अवगत गर्नुभई सम्वन्धित सूचना तहाँ वडाभित्र सबैलाई जानकारी गराउने व्यवस्था हुन अनुरोध छ ।

.................................
राजन न्यौपाने
अधिकृत छैटौं

राजन न्यौपाने
अधिकृत छैटौं तह

बोधार्थ
श्री भूमिधार तथा मालपोत कार्यालय, भद्रपुर झापा
श्री सूचना प्रविधि शाखा– website मा upload गरिदिनु हुन ।

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमिसुधार तथा मालपोत कार्यालय

प.सं: ०७९/८०

च.नं.

भद्रपुर, झापा

मिति: २०७९।०८।२३

## सूचना! सूचना!! सूचना!!!

<u>प्रथम पटक प्रकाशित मिति : २०७९/०८/२३</u>

भू-सेवा केन्द्र स्थापना तथा संचालन गर्नका लागि मालपोत (छैठौं संशोधन) नियमावली, २०७२ को नियम २३ (क) र २३ (ख) तथा भू-सेवा केन्द्र संचालन निर्देशिका (पहिलो संशोधन), २०७८ को दफा ६ र ७ बमोजिम योग्यता तथा भौतिक पुर्वाधार भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानीय तहले भू-सेवा केन्द्र संचालन अनुमतिका लागि मिति २०७९/०८/२३ गते देखि मिति २०७९/०९/२३ गते सम्ममा अनलाइन मार्फत https://public.dolma.gov.np मा गई निवेदन पेश गर्न हुन र सो सँग सम्बन्धित सक्कल कागजातहरु अनलाइन निवेदन पेश गरेको मितिले ७ (सात) दिन भित्र मालपोत नियमावली (छैठौं संशोधन) २०७२ को अनुसुची-४ बमोजिम यस कार्यालयको प्रशासन शाखामा पेश गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

अनुमति पत्रको धरौटी, दस्तुर, अवधी तथा नवीकरण सम्बन्धमा मालपोत (छैठौं संशोधन) नियमावली, २०७२ को नियम २३ (ग) तथा भू-सेवा केन्द्र संचालन निर्देशिका (पहिलो संशोधन), २०७८ को दफा ८ बमोजिम हुने साथै धरौटी रकमको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालय, झापा, धरौटी खाता नं. २२१०१००१०२०३००० जम्मा गर्ने कार्यालयः भुमिसुधार तथा मालपोत कार्यालय, भद्रपुर, कार्यालयको कोड ३३६०११२०२, जम्मा हुने बैंकः राष्ट्रिय बाणिज्य बैंक, निवेदन दस्तुरको हकमा राजश्व खाता नं. १-०-०-१, कार्यालयको कोड नं. ३३६०११२०२, कार्यालयको नाम भूमि सुधार तथा मालपोत कार्यालय भद्रपुर, स्थायी लेखा नं. २०१२७५७५७ राजश्व शिर्षक नं. १४२२९ जम्मा गरेको हुनु पर्नेछ । थप जानकारीका लागि भूमि व्यवस्थापन तथा अभिलेख विभागको website **www.dolma.gov.np,** यस कार्यालयको website **https://bhadrapur.dolma.gov.np,** यस कार्यालयका सूचना अधिकारी श्री दिपेन्द्र कुमार खत्री (मो.नं. ९८५२६५६०८१) र कम्प्युटर अपरेटर श्री राजकुमार तामाङ्ग (मो.नं. ९८४२७११९५१) सँग सम्पर्क गर्नु हुन समेत यसै सूचना मार्फत जानकारीका लागि अनुरोध छ ।

मालपोत अधिकृत

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमिसुधार तथा मालपोत कार्यालय

प.सं:०७९/८०

च.नं. ५५२६

भद्रपुर,झापा

मिति-२०७९/०८/२३

श्री हल्दिवारी गाँउ कार्यपालिकाको कार्यालय,

झापा।

**बिषय- सूचना पठाईएको सम्बन्धमा ।**

प्रस्तुत बिषयमा यस कार्यालयबाट मिति २०७९/०८/२३ गते प्रकाशित सूचना पाना-१ यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी यस कार्यालयलाई सूचना टाँसको जानकारी पठाईदिन हुन अनुरोध छ।

..................

मालपोत अधिकृत